म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २०२ २०८० असार १ गते शुक्रबार 16 June 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## गाँजासहित थापा पक्राउ

हेटौंडाः हेटौंडा–१५ बाट लागूऔषध गाँजासहित एक जना मानिस पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा–१५, पारिश्रमिक टोल बस्ने ४० वर्षीय राम थापा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

विशेष सूचनाको आधारमा बुधबार बिहान १० बजेको समयमा थापाको घरमा प्रहरीले खानतलासी गर्दा २ किलो ५ सय ग्राम लागूऔषध गाँजा फेला पारेको थियो । गाँजासहित पक्राउ परेका थापाको बारेमा थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# बागमतीको बजेट आज प्रस्तुत हुँदै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशको आर्थिक वर्ष २०८०/०८१ को बजेट आज शुक्रबार प्रस्तुत गर्दैछ। बजेट दिउँसो ३ बजे बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले प्रदेश सभामा प्रस्तुत गर्नु हुनेछ।

बागमती प्रदेशसभाको बिहीबारको बैठकमा बागमती प्रदेशको आर्थिक सर्भेक्षण २०७९/०८० को प्रतिवेदन मन्त्री लामाले पेश गर्नुभएको थियो । मन्त्री लामाले प्रतिवेदन पेश गर्नुभएसँगै बैठक शुक्रबार ३ बजे बस्ने गरी सभामुख भुवन पाठकले समापन गर्नुभएको हो । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/८० मा ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट विनियोजन गरेको थियो। आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटको आकार घट्ने बताइएको छ । प्रदेश सरकारले आगामी वर्षको लागि करिब ६३ अर्ब रुपैयाँको बजेट ल्याउने तयारी गरिरहेको छ । बजेटमा कृषि र पर्यटनलाई प्राथमिकतामा राखिएको बताइएको छ।

बजेटको विषयमा सत्तारुढ दलले सरोकारवालासँग आवश्यक समन्वय र परामर्श गर्न सकेको छैन। सत्तारुढ दलबीच बजेट तयार पार्ने विषयमा एकमत पनि बन्न सकेको जस्तो देखिँदैन। बजेट तथा कार्यक्रम तयारीको सुरुवातको समयमा आर्थिक ममिला तथा योजना मन्त्रीमा नेपाली कांग्रेसको संसदीय दलका नेता बहादुर सिं लामा आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त हुनुभएको थियो ।

चालु आर्थिक वर्षको बजेट अघिल्लो आर्थिक वर्षको बजेट भन्दा करिब १३ अर्ब रुपैयाँले बढी थियो । आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश सरकार को ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँ बराबरको बजेट ल्याएको थियो । गत आर्थिक वर्षको बजेट तत्कालिन आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले प्रस्तुत गर्नुभएको थियो। जम्कट्टेल अहिले मुख्यमन्त्री हुनुहुन्छ। गत चालु आर्थिक वर्षको बजेटमा चालुतर्फ कुल बजेटको २७ प्रतिशत अर्थात १९ अर्ब २ करोड ४१ लाख रुपैयाँ, पुँजीगततर्फ ५८ प्रतिशत अर्थात् ४१ अर्ब ५६ करोड २४ लाख, वित्तीय हस्तान्तरणतर्फ ११.७७ प्रतिशत अर्थात् ८ अर्ब ३५ करोड ३७ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ २.८१ प्रतिशत अर्थात् २ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो ।

प्रदेश सरकारले खर्च व्यहोर्ने स्रोततर्फ चालु आर्थिक वर्षमा कर तथा राजस्वबाट २७ अर्ब ९७ करोड ११ लाख, अन्य राजस्वबाट ६ अर्ब २२ करोड ४४ लाख, संघीय वित्तीय हस्तान्तरणबाट २१ अर्ब ६ करोड ८७ लाख, प्रदेश सञ्चिति कोषबाट १६ अर्ब ६७ करोड ५० लाख रुपैयाँ अनुमान गरेको थियो ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा अधिकांश पुरानै आयोजनामा जोड दिएको थियो। विशेषगरी भौतिक पूर्वाधार, स्वास्थ्य र शिक्षातर्फ जोड दिँदै बजेट विनियोजन गरेको सरकारले वन तथा वातावरण मन्त्रालयलाई ३ अर्ब २३ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । सरकारले आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि ८३ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले उल्लेखनीय प्रगति भने हासिल गर्न सकेको छैन। आगामी आर्थिक वर्षको योजनालाई लिएर सर्वसाधारणमा खासै चासो समेत देखिँदैन ।

# प्रदेशका कर्मचारीको व्यक्तिगत विवरण राख्न सुरु



*कर्मचारीलाई पिआईएस प्रमाणपत्र वितरण गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेल ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा प्रदेश लोकसेवा आयोगबाट नियुक्त कर्मचारीहरुको वैयक्तिक विवरण (पिआईएस) राख्ने कार्यको शुरुवात भएको छ । बिहिबार मुख्यमन्त्री शालिकराम जमकट्टेलले प्रदेश तहमा नियुक्त ९ जना कर्मचारीहरुलाई पिआईएस वितरणको एकप्रति सम्बन्धित कर्मचारीलाई हस्तान्तरण गरेर पीआईएस राख्ने कार्यको शुरुवात गर्नुभएको हो ।

नेपालको संविधान अनुसार स्थापित प्रदेश र प्रदेशभित्रका स्थानीय तहमा नियुक्त वा बढुवा हुने कर्मचारीहरुको व्यवस्थित अभिलेख राख्न प्रदेश किताबखाना सञ्चालन रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय किताबखाना निजामती बीच भएको छलफल पश्चात प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्त भएका प्रदेश र स्थानीय सेवाका कर्मचारीहरुको पिआईएस उपलब्ध गराउन राष्ट्रिय किताबखाना (निजमती) सँग मिति गत वैशाख २० गते सम्झदारी भई प्रादेशिक पोर्टल हस्तान्तरण भएको थियो ।

प्रदेशमा प्रदेश तहमा नियुक्त कर्मचारीहरूको वैयक्तिक संकेत नम्बर प्रादेशिक पिआईएस पोर्टलबाट सिर्जना गरिएको मुख्यमन्त्री कार्यालयका उपसचिव बद्री पाठकले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "बागमती प्रदेश स्थापना भएपछि पहिलो पटक पिआईएस वितरण कार्य भएको छ, अब नियमित हुन्छ। बागमती प्रदेशमा प्रदेश लोक सेवा आयोगमातहत १ हजार ५ सय जना निजामती कर्मचारी रहेका छन् ।" राष्ट्रिय किताबखानामार्फत प्रदेश तहमा कार्यरत कर्मचारीहरूका लागि पिआईएस सफ्टवेयर सञ्चालन गर्न तालिम प्रदान गरिएको थियो ।







## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिदैछ। अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८२८२७७

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

# सम्पादकीय

## रक्तदान र रक्तदाताको महत्व

हरेक वर्ष जुन १४ मा विश्व रक्तदाता दिवस मनाउने गरिन्छ । सन् २००४ देखि हरेक वर्ष यो दिवस मनाउन थालिएको छ । विश्व स्वास्थ्य संगठनको अगुवाइमा विश्वभर यो दिवस मनाइन्छ । मानव रगत समूह पत्ता लगाउने वैज्ञानिक कार्ल ल्याण्डस्टिनरको जन्मदिन १४ जुनको अवसर पारेर रक्तदाता दिवस मनाउन थालिएको हो । यस वर्ष “नियमितरुपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं” भन्ने नाराका साथ बुधबार विश्व रक्तदाता दिवस मनाइएको छ । नाराले जीवनपर्यन्त रगतको आवश्यक पर्ने बिरामीलाई रगत र प्लाज्मा दान गरेर सहयोग गर्न हरेक व्यक्तिले खेल्ने भूमिकाको महत्वलाई दर्शाएको छ । यसले नियमितरुपमा र गत र प्लाज्माको दानमार्फत् दिगो र सुरक्षित आपूर्तिको महत्वबारे समेत चर्चा गरेको छ । सुरक्षित रगत र रक्तदानको आवश्यकताबारे सचेतना जगाउन र रक्तदान गर्न प्रेरित गर्न यो दिवस सहयोगी बन्दै आएको छ । रक्तदाता दिवसको अवसरमा रक्तदान गर्ने व्यक्तिहरुलाई धन्यवाद दिन र रक्तदानको महत्व दर्शाउन विभिन्न संघसंस्था र अस्पतालले कार्यक्रम आयोजना गरेका छन् ।

रक्तसञ्चारबिना मानवको जीवन सम्भव छैन । मानिसको शरीरलाई जीवित राख्न र शरीर सञ्चालन गर्न रगत अपरिहार्य हुन्छ । रगतकै सहायताबाट मानिसले श्वासप्रश्वास क्रिया सम्पन्न गर्दछ र शरीरलाई आवश्यक शक्ति प्राप्त हुन्छ । रगत मानिसको लागि जीवन हो । त्यसैले र क्तदानलाई जीवनदान भनिँदै आएको छ । मानिसको शरीरमा ए, बी, ओ र एबी पोजेटिभ/नेगेटिभ रगत समूहमध्ये एक प्रकारको रगत हुन्छ । यसमध्ये ओ नेगेटिभ रगत समूहका मानिसलाई सोही समूहको रगतबाहेक अन्य रगत दिन मिल्दैन भने ओ नेगेटिभ रगत सबैलाई दिन सकिन्छ । एबी पोजेटिभ समूहको रगत हुनेलाई सबै समूहको रगत दिन सकिन्छ । विश्वमै सबैभन्दा बढी मानिसमा पाइने रगत समूह ओ पोजेटिभ हो भने सबैभन्दा कम (करिब २ सयमध्ये एकजनामा) पाइने रगत समूह एबी नेगेटिभ हो । मानिसको शरीरमा तरलको रुपमा रहने रगत रातो तथा सेतो रक्तकोष र प्लेटलेट्स मिलेर बनेको हुन्छ । रातो रक्तकोषले शरीरमा अक्सिजन परिवहनमा सघाउँछ भने सेतो रक्तकोषले रोगविरुद्ध लड्ने क्षमताको विकास गर्छ । प्लेटलेट्सले घाउ-चोटपकट लागेर रगत बग्नेक्रममा रगतलाई जमाएर रोक्न मद्दत गर्दछ ।

मानिसको शरीरमा रगत भएरमात्र पनि हुँदैन, शुद्ध रगत आवश्यक पर्दछ । शरीरमा पुराना रक्तकोषहरु मरेर जाने र नयाँ रक्तकोष बन्ने प्रक्रिया निरन्तर चलिरहेको हुन्छ । विभिन्न दुर्घटना, चोटपटक, घाउ, संक्रामक रोग, दीर्घ रोग आदिको कारण मानिसको शरीरमा रगतको कमी हुने गर्दछ । यस्तो अवस्थामा तत्काल शरीरमा रगत दिन सकेन भने मानिस मर्न पनि सक्छ । त्यसैले रगतलाई अमूल्य मानिन्छ । नेपालमा रेडक्रस सोसाइटीले विभिन्न जिल्ला तथा शहरहरुमा रक्तसञ्चार केन्द्र (ब्लड बैंक) स्थापना गरी सकेसम्म सहज र निःशुल्क रगत उपलब्ध गराउँदै आएको छ । कतिपय दुर्लभ समूहका रगतको अभाव हुने र चाहिएको समयमा तत्काल रगत उपलब्ध नहुँदा कयौं मानिसले ज्यानसमेत गुमाउनु पर्ने अवस्था छ ।

सामान्यतया ५० केजी तौल भएको र १८ वर्षदेखि ६० वर्षसम्मका मानिसले रक्तदान गर्न सक्दछन् । रगतको महत्व बुझाउँदै रक्तदानको आवश्यकताबारे जनचेतना फैलाउन रक्तदाता दिवसले सहयोग गर्नुपर्छ । मानव जीवन बचाउने रक्तदाताहरुको योगदानको कदर गर्न पनि यो दिवसको उद्देश्य बन्नुपर्छ । नयाँ रक्तदातालाई उत्प्रेरित गर्न एवम् नियमित रक्तदातालाई सम्मान गर्न सकेमा रक्तदाता दिवस मनाउनु सार्थक हुनेछ । रगतको अभावमा कसैले मृत्युवरण गर्न नपर्ने अवस्था प्रत्याभूत गर्न रगतको सुनिश्चितता हुनुपर्छ । नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको ब्लड बैंकलाई अझ विस्तार र क्षमता वृद्धि गरी रगतको आपूर्तिलाई निरन्तरता दिन सकेमा रगतको अभावमा कसैले पनि ज्यान गुमाउन पर्दैन । यसका लागि रक्तदाता दिवसमा मात्र नभई अन्य समयमा पनि रक्तदानको महत्वलाई उजागर गर्नु आवश्यक हुन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : धार्मिक यात्रा योगमा सरिक भइने छ । |
| **वृष** | : अध्ययन–अध्यापन क्षेत्रमा सफलता प्राप्त । |
| **मिथुन** | : लेखाइ–पढाइ र धार्मिक कृत्यमा सरिक भइने छ । |
| **कर्कट** | : आर्थिक अवस्था कमजोर बन्दै जाने योग छ । |
| **सिंह** | : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ । |
| **कन्या** | : धार्मिक भ्रमण योगमा रमाइने समय छ । |
| **तुला** | : धार्मिक तथा साँस्कृतिक क्षेत्रका कामबाट शान्ति होला । |
| **वृश्चिक** | : आर्थिक अवस्थामा सुधार आउने समय छ । |
| **धनु** | : धार्मिक तथा सामाजिक कार्यमा समय खर्चनु पर्ला । |
| **मकर** | : कार्यमा बाधा–व्यवधान र अड्चन खेप्नुपर्ला । |
| **कुम्भ** | : अध्ययन–अध्यापनका काममा सरिक भइने छ । |
| **मीन** | : धार्मिक तथा सामाजिक काममा सरिक भइने समय छ । |

# मुर्रा माहात्म्य !

**सागर तिवारी**



हाम्रा कर्ममा भन्दा बढी जन्मँदादेखि नै भावीले लेखिदिएको भाग्यमा विश्वास गरिरह्यौं । आखिर सम्पूर्ण जीवन विधाताले कोरिदिएको भाग्यमा निर्भर हुने भएपछि आफ्ना कर्महरूको अर्थ पनि रहेन !

ऋषिमुनिहरूको पवित्र भूमि नेपालको विश्वमा विशिष्ट पहिचान छ । पुर्खाले महान् ऋषिमुनिहरूको संगत गरेको अथवा आफूहरू स्वयं ऋषिमुनिको सन्तान भएकोले होला, हामीसँग ज्ञानको अथाह भण्डार छ। हाम्रा तर्क र बहसहरू अत्यन्तै गहन हुने गर्छन् ।

खोजकर्ताहरूले मारियाना ट्रेन्चको गहिराइ वा सगरमाथाको उचाइ पत्ता लगाए, तर हाम्रा तर्कहरूको गहिराइ वा उचाइको बारेमा छनक पाउन सकेका छैनन् । हाम्रा बहसहरूको लम्बाइ ब्रह्माण्डको एउटा टुप्पादेखि अर्को टुप्पाभन्दा पनि लामा छन् ।

त्यसैले मानिसहरू ब्रह्माण्डको नापतौल गर्ने तरिका सिक्दैछन्, ताकि उनीहरूले हाम्रा बहसहरूको आयतनको बारेमा केही आकलन गर्न सकून् ।

गल्ली-गल्लीदेखि सदन, सामाजिक संजाल र अन्य संचारमाध्यममा भएको मुर्रा बहस हाम्रो यही गहिरो वाद-प्रतिवाद परम्पराको प्रस्फुटन हो। प्रम प्रचण्डका अनुसार, उनीहरूको भ्रमण टोलीलाई भारतमा यूरोप-अमेरिकाका अतिविशिष्ट अतिथिहरूलाई जस्तै उच्च सम्मानका साथ भव्य स्वागत भएको थियो ।

फर्किने बेलामा सम्झनाको कोसेली स्वरूप भारतले १५ थान पाडा दान गरेर बिदाइ गरेको थियो। चानचुने पाडा होइनन्- राँगा, सामान्य राँगा पनि होइन मुर्रा-मुर्रा !

‘बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई पाखण्ड’ भने झैं राँगाको महत्व पनि एकथरीलाई अति महत्वपूर्ण लाग्यो, अर्काथरीलाई व्यर्थ। सारा देश नै एकाएक मुर्रामय भयो । विषयको गम्भीरता आत्मसात् गर्न नसकेको भारतलाई यस्ता लाखौं पाडा-पाडी सदियौंसम्म जन्माउने, हुर्काउने पद्धति विकासको बारेमा बहस गर्न त्यति उपयुक्त लागेको थिएन जति हामीलाई १५ थानको लागि लाग्दैछ । समयको सदुपयोग गर्न कसैले हामीसँग सिकोस् !

भ्रमण टोली नेपाल फर्किन नपाउँदै हामीबीच मुर्रा बहसमा गर्मागर्मी भइसकेको थियो । यसैक्रममा, एउटा संचार गृहले आफ्नो प्रकाशनमा शीर्षक दियो- ‘भारतबाट किन ल्याइँदैछ मुर्रा राँगा, किसानलाई के हुन्छ फाइदा ?’ अनि सामाजिक संजालमा पोष्ट्यायो- ‘मुर्रा जातका राँगा र स्थानीय भैंसीलाई क्रस गरेपछि त्यसबाट जन्मिने बच्चा पछि गएर दूध दिने भएपछि उक्त भैंसीको दूध उत्पादकत्व वृद्धि हुन्छ ।’

अर्को प्रकाशन गृहले पनि आफूलाई यसबाट अछुतो राख्न सकेन । समाचारको शीर्षक दियो- ‘भारतबाट ल्याइएको मुर्रा राँगाबाट एक लाख भैंसीमा नश्ल सुधार गरिने ।’ अनि पोस्ट्यायो- ‘भारतबाट नेपाललाई उपलब्ध गराइने १५ वटा मुर्रा जातको राँगाबाट एक लाख भैंसीमा कृत्रिम गर्भाधान गराई नश्ल सुधार मार्फत भैंसीको दूध उत्पादनमा उल्लेख्य वृद्धि गरिने भएको छ ।’

अर्को संचारगृहले पनि आफ्नो हाजिरी जनायो- ‘किसानको अपमान गर्दै सञ्जालदेखि संसदसम्म जोक बन्यो उच्च नशलको मुर्रा राँगो ।’ सम्पादकले ट्विट लेखे ‘नश्ल बिग्रिएकालाई मन परेन उच्च नश्लको राँगो ।’

मुर्रा माहात्म्यको बारेमा नेपालभित्र प्रकाशन गरिने छापाका संचारमाध्यम, रेडियो, टेलिभिजन, सामाजिक संजाल यत्र-तत्र कोही अछुतो रहेन । ट्वीटर स्पेशमा पनि जानकारहरूले कैयौं दिनसम्म मुर्रा माहात्म्य प्रस्तुत गरिरहे।

पारि गाउँको भीरमा डोजर चलाउँदादेखि गद्दीहीन भइसकेका पूर्वराजाको सवारी हुँदासम्म, असारमास नारेका गोरु मेलैमा छाडेर हाजिरी गराउन तँछाड-मछाड गर्ने, हामीबीच मुर्रा माहात्म्यमा हाजिरी जनाउन नसक्ने हो भने, आफ्नो पहिचान गुम्ने डर पनि उत्तिकै थियो । त्यसैले आ-आफ्ना तर्कहरूसहित, यत्रतत्र सर्वत्र, हामीले मुर्रा बहसमा जबरजस्त हाजिरी जनायौं ।

एक प्रख्यात इन्जिनियरिङ सेवा प्रदायकका प्रमुख कार्यकारीलाई पनि राँगा माहात्म्यमा आफू गयल हुन उपयुक्त लागेन । उनले फेसबुकमा भैंसीका तस्वीरहरु सहित स्टाटस लेखे-‘भैंसीको महत्व कति छ भन्ने कुरा हामी भैंसीकै दूध र घ्यू बेचेर स्कूलको फि र किताब कापीको खर्च जोहो गर्नेहरुलाई न थाहा छ ।

बेलायती कुकुर पालेर बरण्डामा तर कारी खेती गर्दै फेसबुकमा पोस्ट्याउनेहरू र भैंसी नै बेचेर रोजगारीका नाममा विदेशिनेहरूलाई कसरी थाहा होस् अबको कृषि उद्योग कति महत्वपूर्ण छ र भैंसी नपालेर नेपालले कति रोजगारी र आम्दानी गुमायो ?’

उनको पोस्ट पढ्दा लाग्थ्यो, नेपालले आफ्नो आर्थिक शिथिलताको कडी एकाएक फेला पार्‍यो। त्यो रहस्य आखिर राँगाको टाङमुनि लुकेको रहेछ जस्तो ! अनि, उनको स्टाटसमा होमा हो थप्नेहरू र उनको अभिव्यक्तिको आलोचना गर्नेहरूबीच होडबाजी त्यतै सुरु भयो ।

एकजना पर्यावरण संरक्षण पेशाकर्मी विज्ञले पनि आफू सामेल नभई थामिएनन् । उनले स्टाटस लेखे- ‘विगतमा महँगो उच्च नश्लको बोका भित्र्याइएको थियो, याक (चौंरी) आयातको कार्यक्रम नै बन्थ्यो, तर हल्ला राँगोको मात्र किन ?

कि सम्झौतामा यस राँगोले नेपाली नागरिकता प्राप्त गर्ने हो भन्ने र यस राँगोबाट उत्पादित पाडा-पाडी भारतलाई बुझाउनुपर्ने लेखिएछ ? भैंसीको दूधको चिया खाँदै वा भैंसीको मःम खाँदै चर्चा गर्नुको तुक छैन ।’

यसरी तुक नदेख्दा नदेख्दै पनि उनी मुर्रा बहसमा भने सामेल भइसकेका थिए । उक्त पोस्टकै पछि अन्य पर्यावरणविद्हरु पनि मुर्रा बहसमा जोडिए ।

अन्तर्राष्ट्रिय उद्यमीको रुपमा स्थापित भइसकेका कम्प्युटर विज्ञानका एकजना अगुवालाई भने यो कुरा अलि पचेन, उनले राँगोकै बारेमा समय बर्बाद नगरौं भन्ने आशयको ट्विटमा केही समय बर्बाद गरे । अनि तर्क र बहस उनकै ट्वीटका पछि पनि सुरु भयो ।

एक राजनीतिज्ञले मुर्रा माहात्म्यमा आधारित एउटा निबन्ध प्रकाशन गरे । अभूतपूर्व शेयर भयो उक्त लेख, एकलाख भन्दा बढी पटक । अनि, संजालहरुमा सानोमा भैंसी चढेको तस्वीर सहित सगर्व पुनः पोस्ट्याए ।

अर्का एक पेशाकर्मीले पनि भैंसी कूटनीतिमा आफ्नो कलम रोक्न सकेनन् । पत्रपत्रिकाका भित्ताहरूमा मुर्रा विचारहरुले स्थान बनाउने क्रम निरन्तर चलिरह्यो ।

स्वारी, प्रदीप, लक्ष्मी, भीष्म, विनोद, हट चिली, मिलन, सरोज, अनिल, कल्पना, निर्मला, शर्मिला, गोकर्ण, विज्ञानबाबु, श्रीकृष्ण, महेश, पुन्टे, पुन्टेका आमा-बाबु, पुन्टेकी दिदी-बहिनी, पुन्टेका दाजुभाइ, पुन्टेका काका-काकी, छरछिमेकी कोही पनि गयल भएनन् मुर्रा बहसबाट । श्रमिक, शोषक, सामन्त, दलाल, राष्ट्रवादी, राष्ट्रघाती, शिक्षक, कर्मचारी, सदाचारी, भ्रष्टाचारी, गुलामी, स्वाभिमानी सबै जनाले आ-आफ्नो हाजिरी जनाउँदै गरे ।

‘मुर्रासँग राष्ट्रियता साटे’, ‘चोक्टा खान गएका मान्छे झोलमा डुबेर फर्के’ जस्ता प्रतिक्रियाहरू सहित भ्रमण असफल भएको तर्क गर्नेहरु पनि कमजोर थिएनन् । उनीहरुको प्रतिक्रिया सुनेर संसदको रोष्ट्रमबाट प्रधानमन्त्रीले बिम्बात्मक प्रतिक्रिया दिए, ‘मलाई त राँगोमा चढाएर पनि हिंडाइयो !’

एकजना नेताले संसदमा प्रतिक्रिया जनाए- ‘हवाईजहाज चढेर गएको भ्रमण टोली, नयाँ विमानस्थलमा हवाईजहाजमै फर्केलान् भन्ठानेको राँगो चढेर !’ उनले आफ्नो प्रतिक्रिया पूरा गर्न नपाउँदै प्रतिक्रिया आयो- ‘संसदीय मर्यादा विपरीत शब्दको प्रयोग भयो !’

सभामुखले प्रतिक्रिया दिन तम्सिंदै थिए, हलमा अर्को प्रतिक्रिया सुरु भयो- प्रधानमन्त्रीले प्रयोग गर्न हुने, हामीले प्रयोग गर्न किन नहुने ? प्रतिक्रियामाथिका प्रतिक्रिया प्रकट हुँदै गयो, मुर्रा बहसले एकपछि अर्को थप उचाइ हासिल गर्दै गर्यो ।

प्रमुख प्रतिपक्षी दलका नेताले रोष्ट्रममा पुगेपछि मुर्रा बहसमा सामेल हुँदै भने, ‘आखिर चढेर आए पनि डोर्याएर ल्याए पनि, ल्याएको त त्यही १५ थान राँगा न हो !’

कैयौं दिनको बहसपश्चात्, आफ्नै समकक्षीहरूको अनवरत संलग्नतापश्चात् एक प्रभावशाली नेताले निचोडिने प्रयास गर्दै रवाफ देखाए- ‘सदनमा राँगा र भैंसीबारे गफ गरेर पाँच वर्ष बिताउने हो भने गोबर बाहेक केही प्राप्त हुन्न ।’

मानौं भैंसी प्रजातिको उपयोग केवल गोबर उत्पादनमा हुन्छ । दूधजन्य उत्पादन, मासुजन्य उत्पादन, जोत्ने वा अन्य कुनै प्रयोजनको लागि भैंसी प्रजाति उपयोगविहीन छ । मानिसहरु भने गोबरको पनि आफ्नै महत्व हुने भन्दै मुर्रा माहात्म्य भन्दा एक खुड्किला माथि उठेर गोबर माहात्म्यकै लागि पनि तयार थिए ।

मुर्रा बहस, जुनसुकै विषयहरूमा आ-आफ्ना धारणाहरू सहित गम्भीर रूपमा तर्क र बहस गर्ने हाम्रो मौलिक परम्पराको निरन्तरता मात्रै हो । मुर्रा त केवल बहाना हो, यस्ता बहसहरूमा हुलबद्ध भएर लाग्नु हाम्रो विशिष्टता हो ।

त्यसैले हामीले सुकुम्बासी, नक्कली शरणार्थी, चुच्चे नक्सा, ग्रेटर नेपाल, नागरिकता, ३३ किलो सुन, ७० करोड, बालिका करणी, एनसेल, चौधरी समूहको भवन, निर्मला हत्याकाण्ड, गौर हत्याकाण्ड, नाकाबन्दी, कालोमोसो, हरेक विषयमा आ-आफ्ना गुटका धारणाहरु सहित हाजिरी जनायौं ।

गुगल-ब्वाइ, तरकारीवाली, किताबवाचक विजय शाही, टाइप हान्ने सुब्बा, प्रचण्ड, बाबुराम भट्टराई, गगन थापा, रवि लामिछाने, बालेन्द्र शाह, सन्दीप लामिछाने, पल शाह, ज्ञानेन्द्र शाह, ज्ञानेन्द्र शाही, केपी ओली जस्ता अनेकौं पात्रहरूलाई, कुनैलाई नायक प्रमाणित गर्ने चेष्टा गर्दै वा कुनैलाई खलनायकको नाममा चित्रित गर्दै हामीले हाम्रो गुटको ‘हो मा हो’ मिलाउँदै बहसहरुमा आफ्नो उपस्थिति जनाइराख्यौं ।

हाम्रा कर्ममा भन्दा बढी जन्मँदादेखि नै भावीले लेखिदिएको भाग्यमा विश्वास गरिरह्यौं । आखिर सम्पूर्ण जीवन विधाताले कोरिदिएको भाग्यमा निर्भर हुने भएपछि आफ्ना कर्महरूको अर्थ पनि रहेन !

हामीलाई हाम्रा बहसहरु तथ्यपरक, तार्किक वा नतिजामुखी हुनुपर्ने आवश्यकता छैन । अर्को पक्षलाई तिखो प्रहार गर्न सक्नु र तथ्य मोडेर भए पनि खुईल्याउन सक्नु हाम्रो क्षमताको मानक हो । आफूले दैनिक रुपमा गर्नुपर्ने काम छाडेर चोकमा बसेर क्यारम खेल्न र कोखैमा बसेर अरुलाई सिकाउन जति तत्पर हुन्छौं, त्योभन्दा अझै धेरै जाँगर आ-आफ्ना पूर्वाग्रहसहित बहसहरूमा हाजिर हुन हुन्छौं ।

हामीले माधवप्रसाद घिमिरेको ‘हामीले हिमाल उठायौं, एसियाको माझमा’ भन्ने पद्यांशमा पनि भाव होइन, तथ्य नै देख्छौं ।

हामीलाई प्रश्न गर्न र प्रश्न गर्नेहरू पनि मन पर्दैन । केवल भाष्यका पक्ष वा विपक्षमा आ-आफ्ना मान्यताहरूलाई अन्धाधुन्ध पुष्टि गर्न मन पर्छ । कोभिडको बहानामा बन्द गरिएको खुद्रा व्यापारको संचालनकर्ताले देशको आर्थिक शिथिलताको जवाफ टेलिभिजन कार्यक्रममा बहस गरिरहेका विज्ञहरुकै भाष्यमा भेटेर दंग छ ।

प्रश्न गर्नु समेत हाम्रो परम्परा विपरित छ, कर्म गर्नु त परै जाओस् । त्यसैले हामीलाई कहिले राजाहरूले वा नेताहरूले हाम्रो आवश्यकता पूरा गरिदेलान् जस्तो लाग्यो, कहिले छिमेकीहरूले वा अन्य दाताले । सडक, बिजुली, पिउनेपानी इत्यादि संरचनाहरू चमत्कारले तयार हुनेमा नै विश्वास गरिरह्यौं ।

हाम्रा बैंक खाताहरूमा एकाएक रकम जम्मा हुने, भकारीहरु एकाएक भरिने रमणीय कल्पनामा हाम्रो विश्वास अटुट रहिरह्यो । हामीले आ-आफ्ना विवेकपूर्ण सत्कर्मले होइन, वैकुण्ठधारीको कृपाले अथवा कुनै चिठ्ठा पारेर भविष्य सुरक्षित हुने रमणीय कल्पनामा रमाइरह्यौं ।

हामीले कर्म गर्नेहरूलाई तल्लो दर्जामा र दुई कौडीमा पनि नबिक्ने गफ हान्नेलाई उपल्लो दर्जामा राख्ने परम्पराको थालनी मात्र गरेनौं, त्यसलाई भित्रैदेखि अँगाल्यौं र त्यसलाई निरन्तरता दिनु उपयुक्त ठान्यौं ।

हाम्रा कर्ममा भन्दा बढी जन्मँदादेखि नै भावीले लेखिदिएको भाग्यमा विश्वास गरिरह्यौं। आखिर सम्पूर्ण जीवन विधाताले कोरिदिएको भाग्यमा निर्भर हुने भएपछि आफ्ना कर्महरूको अर्थ पनि रहेन !

२०४६ सालमा लोकतन्त्रको बहालीपछि नेता नं ४२० देखि नेता नं ७८६ सम्म हामीले नै जन्मायौं । ठग, फटाहादेखि अपराधीसम्म । उनीहरूले गफ दिंदै गरे, हामीले पनि गफकै भरमा उनीहरूलाई नै विश्वास गरिरह्यौं ।

कसैलाई पहिचानको आधारमा सबैको आ-आफ्नो राज्य प्राप्त गर्ने आश्वासनमा, कसैलाई पानीजहाज र घरघरमा ग्यासका पाइप पुर्याइदिने आश्वासनमा । अरुका कुरा काटेकै भरमा पत्रकार नं १०१ बाट राजनीतिमा डेरा सरेका, वैधानिक नेपाली नागरिकता नभएका व्यक्तिलाई गफकै भरमा देशको गृहमन्त्री पनि हामीले नै बनायौं ।

हामीलाई ‘हेर्नेको कथा’ भन्दा ‘सक्किगोनी’ वा ‘मेरी बास्सै’ मन पर्छ । हामीलाई हाम्रा वास्तविक कथा-व्यथा भन्दा देशका रेडियो र टेलिभिजनहरुले धानिदिएका उडन्ते ठट्यौलीहरु मनपर्छ । जसले जेसुकै भन्दै गरोस्, हामीले कर्मठ युवाहरुलाई परदेशमा स्थान दिएकै छौं ।

स्वदेशमा भने आ-आफ्ना गुटको हितको लागि कुनै न कुनै ‘मुर्रा माहात्म्य’लाई नै निरन्तरता दिनु उपयुक्त छ । हाम्रो घर, टोलछिमेक, गाउँबस्ती र शहर अनि समस्त देश विकासको लागि भने अलौकिक शक्तिमाथिको भरोसा कायम छ ।

जय मुर्रा माहात्म्य !

*(स्रोतः अनलाईनखबर)*

# हामीसँग २ सय जना रक्तदाताको सूची छ

विश्व रक्तदाता दिवस जुन १४ मा विश्वभर मनाइन्छ । स्वास्थ्य उपचारको सन्दर्भमा मानव रगतको प्रयोग महत्वपूर्ण हुन्छ । विश्व रक्तदाता दिवसकै अवसरमा बुधबार हेटौंडामा दुई स्थानमा रक्तदान कार्यक्रम भए । दुई स्थानमा भएको रक्तदान कार्यक्रममा ६३ जनाले रक्तदान गरे । विश्व रक्तदाता दिवसको अवसरमा रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दाहालसँग समाज संवाददाता आरजु सत्यालले गर्नुभएको कुराकानीको सम्पादित अंश



टंक दाहाल, प्रमुख
रक्तसञ्चार केन्द्र हेटौंडा

***समाजः रक्तदाता दिवसको अवसरमा आजसम्म हेटौंडा उपमहानगरपालिकाभित्र के कस्ता कार्यक्रमहरु भएका छन् ?***

**दाहालः** सर्वप्रथम आज विश्व रक्तदाता दिवस भएका कारणले हाम्रा सम्पूर्ण स्वयम्सेवी रक्तदाताहरु, विभिन्न संघसंस्था, हामीलाई रगत दिएर नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार सेवा केन्द्रमार्फत् रक्तदान कार्यक्रमहरु ल्याएर बिरामीहरुलाई सजिलो तरिकाले रगत उपलब्ध गराउन् भएकोमा रक्तदाताहरुलाई म विशेष धन्यवाद र सम्मान प्रकट गर्न चाहन्छु ।

***समाजः रक्तसञ्चार केन्द्रको स्थापना कहिले भएको हो ?***

**दाहालः** हेटौंडामा २०५२ सालमा स्थापना भएको हो । केन्द्रीय ब्लड बैंकचाहिँ २०२२ सालमा काठमाडौंको वीर अस्पतालबाट सुरु भएको थियो ।

***समाजः अहिले रक्तसञ्चार केन्द्रमा रगतको आपुर्तिको अवस्था कस्तो छ ?***

**दाहालः** गत वर्षहरुभन्दा हाम्रो हेटौंडाका अस्पतालहरुमा अहिले आएर धेरै स्तरवृद्धि भएका छन् । निजी अस्पतालहरुले पनि सेवा विस्तार गरिरहेका कारणले पहिलाको अनुपातमा रगत पनि धेरै नै आवश्यक पर्ने हुनाले अहिले रक्तदान कार्यक्रम धेरै भएका छन् । अहिले रगत लिने-दिने व्यवस्था मिलाउने काम रेडक्रसले गरिरहेको छ ।

***समाजः पहिलाको स्थिति र अहिलेको स्थितिमा के के भिन्नताहरु छन् ?***

**दाहालः** पहिला एक वर्षमा तीन-चार सय पोका रगत भए हामीलाई पुग्थ्यो । बाँकी रगत हामी चितवन पठाउँथ्यौं । हेटौंडाबाट चितवन तथा काठमाडौं उपचार गराउन जाने बिरामीसँग पनि हामी रगत पठाउँथ्यौं । तर अब हेटौंडामा पनि जटिल शल्यक्रियाहरु हुने भएकाले हामीलाई महिनामै तीन सय पोका रगत संकलन गर्नुपर्छ ।

***समाजः केन्द्रको तत्कालीन आवश्यक सामग्रीहरु के के हुन् ?***

**दाहालः** पोहोर डेङ्गु महामारीको समयमा हामीले सेतो रगत बनाउन पाएनौं । किनभने त्यसका लागि बिरामीहरुलाई चितवनसम्म पठाउनुपर्थ्यो अथवा चितवनबाट रगत ल्याउनुपर्थ्यो । तर त्यसैमा हामीलाई हेटौंडा उपमहानगरपालिका, स्थानीय तहहरु, अमेरिकन रेडक्रसको सहयोगमा हामीले कम्पोनेन्ट आफूले नै तयार गर्छौं । जस्तै, विभिन्न किसिमका प्लाज्मा छुट्टै दिने, प्लेटलेट छुट्टै दिने, होल ब्लड छुट्टै दिने, प्लायाक्सेल छुट्टै दिने व्यवस्था हामीले गरि सकेका छौं ।

***समाजः यो जेठ महिनामा केन्द्रमै आएर कति जनाले रक्तदान गरे र कार्यक्रममार्फत कति जनाले रक्तदान गरे ?***

**दाहालः** यसवर्षको वैशाख र जेठमा विभिन्न संघसंस्थाहरुको स्थापना दिवस भएकाले धेरै रक्तदान कार्यक्रम भए । यसकारण हामीले रक्तदातालाई केन्द्रमा बोलाउनु परेको छैन । रक्तदान कार्यक्रमहरुबाटै हामीलाई आवश्यक रगत आपूर्ति भइरहेको छ । त्यति गर्दा पनि करिब ५०-६० जनाजति रक्तदाताहरुलाई केन्द्रमा बोलाएर हामीले रगत झिकेका छौं ।

***समाजः अहिलेको समयमा यो रक्तसञ्चार केन्द्र मकवानपुरको मागहरु के के छन् ?***

**दाहालः** माग भन्नाले त्यस्तो केही छैन । बरु हामी विश्व रक्तदाता दिवस मनाइराखेका छौं । आज पनि हामीले ६५ पोका रगत संकलन गर्यौं । रक्तदाताहरुलाई त्यहीं सम्मान गर्यौं । हामीले प्रत्येक वर्ष रेडक्रसको वार्षिक सभामा पनि रक्तदान गर्ने व्यक्ति तथा संस्थालाई सहयोग गर्दछौं । रेडक्रसको वार्षिक सभामा पहिलो, दोस्रो, तेस्रो भनेर संघसंस्थालाई रनिङ शिल्ड नै दिइरहेका छौं । त्यस्तैगरी संस्थालाई पुरस्कारको व्यवस्था पनि गरेका छौं । अब आउने सालमा हामी यो रक्तदाता दिवसकै दिन सम्मान गर्ने भनेर सोचिरहेका छौं ।

***समाजः रक्तसञ्चार केन्द्रमा समस्या त आउँछ । ती समस्याको सामाधानचाहिँ कसरी निकाल्नु हुन्छ ?***

**दाहालः** रक्तसञ्चार केन्द्रमा हुने समस्या भनेको रगत नै नहुनु हो । अरुचाहिँ केमकिलहरुको व्यस्थापन पार्ट छुट्टै नै छ । कहिलेकाहीं हामीसँग नै भनेको बेला डोनेसन पनि भइराखेको हुन्छ, तर रगत पाइराखेको हुँदैन । त्यस्तो बेलाका लागि हामीसँग २ सय जना रक्तदाताको सूची छ । उहाँहरुलाई कल गर्छौं । जेहोस् हामी रगत छैन भनेर अन्य जिल्लामा रगत पठाउँदैनौं ।

***समाजः हामीमा कुन रगतको माग बढि हुन्छ ?***

**दाहालः** रगतको के हुन्छ भने, हाम्रो विशेषगरी जति कलेक्सन गर्याछौं, त्यसको ६० प्रतिशत रगतचाहिँ होमोडाइलिसलाई जान्छ भन्नाले मृगौलाको बिरामीलाई जान्छ । उहाँहरुलाई हप्तामा २ पोका रगत दिएन भने बचाउन सकिँदैन । अरु शल्यक्रियाको लागि त्यहि रेसियोमा ३०० पोका जति महिनामा चाहिन्छ ।

***समाजः आगामी दिनमा कार्यक्रम कहिले कहिले छ ?***

**दाहालः** यो असार महिनाभरी कार्यक्रमहरु प्याक भइसकेका छन् । हाम्रो लगभग असारसम्मलाई संघसंस्थाले नाम टिपाइसक्नु भएको छ ।


# मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले


## फूलबारी



✍निश्चल वाईबा

रंगीचङ्गी फूल फुलेको मेरो फूलबारी
सुन्दर बन्यो फूलबारी मैले फूल सारी
फूल देख्दा भवँराहरु घुम्न आउँछन्
पुतली र चरीवरी सबै नै रमाउँछन् ।

ढकमक्क फूल देख्दा मन नै खुसी हुन्छ ।
फुलको मिठो बासनाले अन्तरमन छुन्छ ।
बाटो हिँड्ने बटुवाले हेर्दै भन्छन्, आहा !
फूलबारी सजाउने मेरो मनको चाह ।

कक्षा-६

## गर्मी



✍विश्व घलान

गर्मी बढ्यो हिजोआज धेरै भयो तातो
सहन नै गाह्रो भयो गयो हाम्रो सातो
हरेक थोक तातेको छ, तातेको छ बाटो
जाडो महिना मेरो प्यारो गर्मीको साटो

तातो हुँदा कक्षा भित्र बस्न साह्रै गाह्रो
किन होला चढेको यो पृथ्वीको पारो
धेरै गर्मी भएकोले स्कूल बिदा भयो
पढ्नुपर्ने विद्यार्थीको समय खेर गयो ।

कक्षा-४

# गीता आधारभूत विद्यालयमा आमूल परिवर्तन



*प्लानसँगको सहकार्यमा सिडिओ नेपालले तयार पारिदिएको आकर्षक कक्षाकोठा ।*

✍समाज संवाददाता

हेटौंडाः एक वर्षअघिसम्म विद्यालय परिसर विरक्त लाग्दो थियो । कक्षाकोठा व्यवस्थित थिएन, विद्यालय परिसर निर्माण सामग्रीले अस्तव्यस्त थियो । शौचालय पनि सफा र बालबालिकामैत्री थिएन । पानीको उपलब्धता पनि पर्याप्त थिएन । शैक्षिक क्रियाकलापका लागि पनि स्रोत साधनको अभाव थियो । यो अवस्था मकवानपुरको बागमती गाउँपालिका५, भोर्लेनीस्थित गीता आधारभूत विद्यालयको हो ।

तर, अहिले गीता आधारभूत विद्यालयको परिसर खुला र सफा छ । विद्यार्थीहरु खेल्न, कुद्न, उफ्रन कुनै डर छैन । प्रारम्भिक बालविकास कक्षादेखि २ कक्षासम्म सुन्दर कक्षाकोठा निर्माण गरिएको छ । शौचालय व्यवस्थित र बालबालिकाले सहजै प्रयोग गर्न सक्ने अवस्थाको छ । शौचालय प्रयोगपछि हात धुन बालबालिकाले सहजै धाराको प्रयोग गर्न सक्छन् । पानीको व्यवस्था राम्रो छ । पिउने पानीको पनि राम्रो व्यवस्था छ । विद्यार्थीका लागि सुरक्षित र सहज कक्षाकोठा मात्रै नभई शिक्षकका कोठा समेत आकर्षक र व्यवस्थित छ । विद्यार्थीका लागि गीत, संगीतसहित क्रियाकलापमा आधारित भई शिक्षण सिकाईका लागि स्पिकर उपलब्ध छ । एक वर्षको बीचमा विद्यालयको आमूल परिवर्तनमा सामुदायिक विकास संस्था (सिडिओ) नेपालले सहयोग गरेको छ ।

सिडिओ नेपालको करिब १० लाख रुपैयाँको सहयोगमा गीता आधारभूत विद्यालयको आमूल परिवर्तन भएको छ । गीता आधारभूत विद्यालयका प्रधानाध्यापक रामहरि केसी भन्नुहुन्छ, "विद्यालयमा सिडिओ नेपालको सहयोगले हामीलाई ठूलो सहयोग मिलेको छ । विद्यार्थीका लागि उपयुक्त वातावरण तयार पार्न सिडिओ नेपालको सहयोग उल्लेखनीय छ ।" ८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा एक सय ७० जना विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक केसी बताउनुहुन्छ ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सिडिओ नेपालले बागमती गाउँपालिकामा गीता आधारभूत विद्यालयमा मात्रै काम गरेको हो । सिडिओ नेपालका कार्यकारी निर्देशक जंगबहादुर विश्वकर्मा भन्नुहुन्छ, "प्लानको सहयोगमा हामीले विद्यालयको ससाना र मझौला प्रकृतिका अभावको समाधान गरेका छौं । विद्यालयको समग्र वातावरणमा सुधार गरेसँगै विद्यार्थीको संख्या र टिकाउको दर बढेको छ ।" पालिकाकै सिफारिसमा सहयोग गनर्ने विद्यालय छनोट गरी आवश्यक सहजीकरणको कार्य गर्दै आएको कार्यकारी निर्देशक विश्वकर्माको भनाइ छ । प्लान इन्टरनेशनलसँगको सहकार्यमा सिडिओ नेपालले गीता आधारभूत विद्यालयमा गरेको सहयोगले शिक्षकको मनोबल बढेको, विद्यार्थीमा उत्प्रेरणा जाडेको उहाँले दावी गर्नुभएको छ । पहिले विद्यालय परिसरनै विद्यार्थीका लागि असुरक्षित रहेको उल्लेख गर्नुहुँदै विश्वकर्माले भन्नुभयो, "हामीले करिब ८० हजार रुपैयाँ खर्च गरेर विद्यार्थीका लागि सुरक्षित खेलमैदान र विद्यालय परिसर तयार पारिदिएका छौं ।" सिडिओ नेपालका कार्यक्रम संयोजक अर्जुन खड्का खिता आधारभूत विद्यालयमा गरिएको सहयोगले विद्यालयको समग्र सुधारमा सहयोग पुगेको दावी गर्नुहुन्छ ।

# ५ जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

✍समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित नवज्योति माध्यमिक विद्यालयमा अध्ययनरत ५ जना विद्यार्थीलाई बिहीबार शैक्षिक सामग्री सहयोग गरिएको छ । सामाजिक अभियन्ता राजु अधिकारी र रिमा अधिकारी दम्पतीले विद्यालयका जेहेन्दार तथा विपन्न विद्यार्थीलाई विद्यालय पोशाक, कापी, कलम, जुत्ता, ज्योमेट्री बक्स सहयोग गर्नुभएको हो ।

३ महिनाअघि विद्यालयमा आयोजना गरिएको छात्रवृत्ति वितरण कार्यक्रममा आफूले वार्षिक रुपमा लाग्ने शैक्षिक शुल्कदेखि पोशाक र स्टेशनरी सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाएको अधिकारीले जानकारी दिनुभयो । सोहीअनुरुप प्रतिविद्यार्थी ६ हजार रुपैयाँको शैक्षिक सामग्री सहयोग गरिएको उहाँले बताउनुभयो ।

सन्ध्या तिमल्सिना, योगेश पुलामी, भूमिका थिङ, सिम्रनकुमारी साह र आशीष मुक्तानलाई शैक्षिक सामग्री सहयोग गरिएको छ । नयाँ भर्ना हुन आएका विद्यार्थीमध्ये ५ जनालाई सहयोग गरिएको हो ।

३ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको उक्त विद्यालयमा विद्यार्थी संख्या बढाउन तथा विद्यार्थीलाई आकर्षण गर्ने उद्देश्यले उक्त सहयोग गरिएको अधिकारीको भनाइ छ । सहयोग पाएका विद्यार्थीले पढाइलाई निरन्तरता दिएर राम्रोसँग पढे उक्त सहयोगलाई निरन्तरता दिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्ण थापाको सभाध्यक्ष तथा हेटौंडा-७ का वडा सदस्य तथा न्यायिक समितिका सदस्य सन्तुमाया पाखिनको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रमुख अतिथि पाखिनले जनप्रतिनिधिले पनि उक्त अभियानलाई अघि बढाउने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्र दाहालगायतको उपस्थिति थियो ।


समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np



# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाइराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।


(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# स्वादिष्ट नेवारी खाजा





अब
होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# भ्रष्टाचार गर्नेले छुट पाउँदैन: एमाले नेता ज्ञवाली




समाज संवाददाता

हेटौँडाः नेकपा एमालेका उपमहासचिव तथा स्कुल विभाग प्रमुख प्रदीप ज्ञावलीले नेकपा एमालेले भ्रष्टाचार गर्न नदिने र गर्नेले छुट नपाउने बताउनु भएको छ । मकवानपुरमा जिल्लास्तरीय कार्यकर्ता प्रशिक्षणलाई सम्बोधन गर्नुहुँदै उहाँले नेकपा एमाले भ्रष्टाचारको उजागर गर्ने, भ्रष्टाचारीलाई कार्वाही गर्ने र भ्रष्टाचार विरूद्व संघर्ष गर्ने पार्टी भएको दावी गर्नुभयो ।

राष्ट्रियता रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, विकास र समृद्धि तथा सुशासनका लागि नेकपा एमाले कुनै सम्झौता नगर्ने बताउँदै पार्टीप्रति चौतर्फी घेराबन्दी हुनु र मुलुकमा भ्रष्टाचार व्यप्त हुनु, राष्ट्रियता कमजोर हुनु, लोकतन्त्रको विरूद्धका शक्ति सल्बलाउनु मुलुकलाई कमजोर बनाउने योजनाबद्ध षडयन्त्र भएको दावी पनि ज्ञवालीले गर्नुभएको छ । उहाँले पार्टी सदस्य र कमिटीलाई चुस्त राख्दै जनताको समस्या र दुःखमा सहभागी भएर सबैखाले भ्रमहरूलाई चिर्दै नेकपा एमालेलाई सुदृढ बनाउँदा मात्र विरोधीहरूको जस्तोसुकै षडयन्त्र समाप्त पार्न सकिने बताउनु भएको छ ।

प्रशिक्षणमा नेकपा एमाले पोलिटव्यूरो सदस्य तथा स्कुल विभाग उपप्रमुख ईश्वरी रिजालले दर्शनले सही दिशा देखाएन, सिद्धान्तले व्यवहारमा सिद्धि प्राप्त गरेन, नीति-कार्यक्रम कार्यान्वयनमा गएनन्, कार्यशैली जीवन शैली बनेन, इच्छाशक्ति कार्यशक्तिमा रुपान्तरण भएन, कर्तव्यले गन्तव्य देखेन र निजी स्वार्थहरु सामुहिक स्वार्थमा बदलिएन भने कम्युनिष्ट राजनीतिको मूल्य ह्रास हुँदै जाने बताउनु भएको छ ।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्यहरू रामेश्वर राना, जुनेली श्रेष्ठ, भारती पाठक, केन्द्रीय सल्लाहकार परिषद् सदस्य डोरमणि पौडेल, केन्द्रीय निर्वाचन विभागको सदस्य अनन्त पौडेल, प्रदेश कमिटीका सदस्यहरू, सल्लाहकार परिषद् र विभागका सदस्यहरूको आतिथ्यमा भएको प्रशिक्षण कार्यक्रममा जिल्ला कमिटीका सदस्यहरू, जिल्ला सल्लाहकार परिषद्, जेष्ठ कम्युनिष्ट मञ्च तथा लेखा कमिटीका पदाधिकारीहरू, पालिका र विशेष ईलाका कमिटीका अध्यक्षहरू, जनसंगठनका केन्द्रबाट जिल्ला ईन्चार्ज तथा जिल्ला अध्यक्षहरूसहितको १ सय ५० जनाको उपस्थिति रहेको नेकपा एमाले जिल्ला कमिटी सचिव नवीन सिग्देलले जानकारी दिनुभएको छ ।

बुधबार र बिहीबार दुई दिने प्रशिक्षणमा वाईबी आचार्यले सूचना प्रविधिको प्रयोगबारे प्रशिक्षण दिने सचिव सिग्देलले बताउनु भयो । नेकपा एमाले मकवानपुरका एका लाल श्रेष्ठको अध्यक्षतामा भएको प्रशिक्षणपछि जिल्लाव्यापी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

# सेतीदेवीको प्रधानाध्यापकमा गोमा श्रेष्ठ नियुक्त

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बकैया गाउँपालिका-१२ स्थित सेतीदेवी आधारभूत विद्यालयको प्रधानाध्यापकमा गोमा श्रेष्ठ नियुक्त हुनुभएको छ । मंगलबार श्रेष्ठले जिम्मेवारी सम्हाल्नुभएको छ । नवनियुक्त प्रधानाध्यापक श्रेष्ठले आफ्नो पहिलो प्राथमिकता सरल, सहज रुपमा गुणस्तरीय शिक्षा प्रदान गर्नु रहेको बताउनुभएको छ ।

नवनियुक्त प्रधानाध्यापक श्रेष्ठले विद्यालयको भवन पुनर्निर्माण गर्नुपर्ने योजना पनि प्रस्तुत गर्नुभएको छ । विद्यालयमा एक सय ५५ जना विद्यार्थी अध्ययनरत् छन् । विद्यालयका अधिकांश विद्यार्थी अभिभावकविहिन अवस्थामा रहेको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभएको छ । कसैको बाबू हुनुहुन्छ भने कसैको आमा नभएको उहाँले बताउनुभयो । गरिबी र अशिक्षितका कारण बहुविवाह गर्ने र रोजगारीको सिलसिलामा विदेशिने कारणले बालबालिका अभिभावकविहीन बन्न पुगेका उहाँको भनाइ छ ।

१७ वर्षदेखि शिक्षण पेशामा आवद्ध श्रेष्ठले हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविबाट निजी श्रोतको शिक्षकको रुपमा सेवा सुरु गर्नुभएको थियो । केही समय राहत करार सेवामा रहनुभएकी श्रेष्ठ बकैया गाउँपालिकाकै कालिदेवी आधारभूत विद्यालयमा प्रावि तहमा स्थायी नियुक्ति पाउनु भएको थियो । सेतीदेवी आधारभूत विद्यालयमा भने एक वर्षअघि सरुवा हुनुभएकी श्रेष्ठले विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

भौगोलिक विकटताले नियमित विद्यालयमा विद्यार्थीलाई उपस्थित गराउन चुनौति रहेको उहाँको भनाइ छ । केही विद्यार्थी करिब २ घण्टा हिँडेर विद्यालय आउन बाध्य रहेको उहाँले जानकारी दिनुभयो ।

# वडाद्वारा ज्येष्ठ नागरिक सम्मानित

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित आदर्श टोल विकास संस्थाले वडाभित्र रहेका ज्येष्ठ नागरिकलाई आज बिहान सम्मान गरेको छ। ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्ध विश्व चेतना दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय मकवानपुरको साझेदारीमा नगदसहित खादा ओढाएर ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ ।

सामुदायिक प्रहरी सेवा केन्द्र बसपार्कका अध्यक्ष प्रदीप कँडेलको सभाध्यक्ष तथा वडाध्यक्ष फूर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । वडाध्यक्ष लामाले ज्येष्ठ नागरिकका समस्या सहजरुपमा समाधान गर्ने प्रतिवद्धता जनाउनुभएको छ । वडाले ज्येष्ठ नागरिकलाई नियमितरुपमा सम्मान गर्दै आएको बताउनुभयो । समाज र राज्यको परिवर्तनमा ज्येष्ठ नागरिकको भूमिका रहेको उल्लेख गर्नुहुँदै ज्येष्ठ नागरिकलाई सम्मान गर्नु राज्यको दायित्व भएको पनि उहाँको भनाइ थियो ।

यसैगरी जिल्ला प्रहरी कार्यालय मकवानपुर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख चुडाकुमारी खड्काले कानुननी प्रावधानबारे सहजीकरण गर्नुभयो। मोबाइल जस्ता प्रविधिको विकासले सबैलाई एक्लो बनाइरहेको बताउनुहुँदै ज्येष्ठ नागरिकलाई घुलमिल हुन खड्काले आग्रह गर्नु भएको छ। वृद्धवृद्धामा बच्चापन भएकाले कानुन विपरित कार्यहरु पनि नित्याइरहेको अवस्था उल्लेख गर्नुहुँदै उहाँले कसैलाई पनि आँच पुग्ने गरी कानुन विपरित कार्य नगर्न आग्रह गर्नुभयो ।

मानसिक रोगको शिकारले आत्महत्या जस्ता घटना समाजमा बढिरहेको जानकारी दिनुहुँदै खड्काले कुनै समस्या तथा गुनासाका लागि तत्काल प्रहरी कार्यालयमा सम्पर्क गरे समस्याको सुनुवाई हुने समेत प्रतिबद्धता जनाउनुभयो। आदर्श टोल विकास संस्थाकी अध्यक्ष शान्त गजुरेलले हेटौँडाको चाइनाक्वार्टरमा भएको घटना नदोहोरियोस् भनेर ज्येष्ठ नागरिक सम्मान कार्यक्रमको सुरुवात गरिएको बताउनुभयो । ज्येष्ठ नागरिक सम्मानको कार्यलाई निरन्तरता दिने गजुरेलले प्रतिबद्धता जनाउनुभएको छ ।

# जनप्रिय माविमा छात्रवृत्ति वितरण

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१६, हटियास्थित जनप्रिय माविमा शैक्षिक वर्ष २०८० को छात्रवृत्ति वितरण गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेशप्रसाद खतिवडाको अध्यक्षता तथा हेटौंडा १६ का वडाअध्यक्ष रामकृष्ण कोईरालाको प्रमुख आतिथ्यमा बिहिबार छात्रवृत्ति वितरण गरिएको हो । विद्यालयमा १ कक्षादेखि ८ कक्षासम्म अध्ययनरत ४ सय ६३ जना छात्रा तथा दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभएको छ। छात्रवृत्ति वितरण कार्यक्रममा शिक्षक अभिभावक संघ (पीटीए) का अध्यक्ष गुणराज रानाको पनि उपस्थिति रहेको थियो ।

# विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः रामेछाप र सिन्धुली जिल्लाका विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ। रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-३ कुबु काश्थलीमा खोलाले बगाएर एकजना वृद्धको मृत्यु भएको छ । मृत्यु हुने ९० वर्षीय ओलक बहादुर सुनुवार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सुनुवार मंगलबारदेखि हराएकोमा बुधबार १ बजेको समयमा नदीले बगाई मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै, सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१, डाँडाटोलमा खोलामा डुबेर बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा काभ्रे जिल्ला घर भई हाल मामा घर डाँडाटोल बस्ने ६ वर्षीय मनिस भुजेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । भुजेल बुधबार घरमा नआएपछि आफन्तले खोजतलास गर्ने क्रममा मामा घरबाट २ सय मिटर पर बिचित्र खोलाको ढुंग्रेदहमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुली जिल्लाकै पाँचखाल नगरपालिका-८, होक्सेमा स्थानीय डेरीबाट ल्याएको दही खाँदा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३० वर्षीया कविता बिक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । बुधबार बिकले आफ्नै घरमा स्थानीय डेरीबाट ल्याएको दही खाँदा बिरामी भई उपचारका लागि पाँचखाल पोलिक्लिनिक लगिएको थियो । बिकलाई थप उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## हार्दिक बधाई



नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेश समितिका सभापति, मकवानपुर सुनचाँदी व्यवसायी संघका पूर्वअध्यक्ष एवम् सल्लाहकार आदरणीय दाइ **ज्योतिरत्न बज्राचार्य** नेपाल भारत मैत्री संघको अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ नेतृत्वको नवनिर्वाचित समितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार रसाइली
**महासचिव, सुनचाँदी व्यवसायी संघ मकवानपुर**
**प्रोप्राइटर, नमोवुद्ध सुनचाँदी पसल, हेटौंडा-१०**

## विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि नि:शुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रूपले विपन्न व्यक्ति र आकस्मिक रूपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परिक्षण नि:शुल्क रूपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरूबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## हेटौंडा कृषि बजार

**हेटौंडा-४, मेनरोड**

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।





**सेवाहरू**

- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**








## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## हार्दिक बधाई



नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेश समितिका सभापति, मकवानपुर सुनचाँदी व्यवसायी संघका पूर्वअध्यक्ष एवम् सल्लाहकार श्री **ज्योतिरत्न बज्राचार्य** नेपाल भारत मैत्री संघको अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ नेतृत्वको नवनिर्वाचित समितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पवन शाक्य, अध्यक्ष
**एवम् मकवानपुर सुनचाँदी व्यवसायी संघ परिवार**
**हेटौंडा, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ